# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६ ) काठमाडौं, चैत १६ गते २०४३ साल ( अतिरिक्ताङ्क ५३ (क)

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले मुद्रा ऐन, २०४० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी प्रथम नेपाल ज्याम्बोरी १९८७ को उपलक्ष्यमा निम्न डिजाइन, नाप र तौलको नयाँ सिक्का टकमरी गरी निष्काशन गर्न नेपाल राष्ट्र बैङ्कलाई स्वीकृति दिइएकोले यो सूचना प्रकाशित गरिएको छ।

सिक्काको विवरण

| | |
|---|---|
| सिक्काको दर | रू. ३००।– (तीन सय रूपैयाँ) |
| अग्रभाग | सिक्काको वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंख, चक्र, गदा, पद्म र तल्लो भागमा २०४३ रही स्वस्तिक चिन्हभित्र श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह रहनेछ। |
| पृष्ठ भागमा | सिक्काको वरिपरि ६४ थोप्लाभित्र वृत्ताकारमा माथिल्लो भागमा HIS MAJESTY KING BIRENDRA BIR BIKRAM SHAH DEV र तल्लो भागमा FIRST NEPAL |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

JAMBOREE 1987 र बीचमा गोलाकार रेखाभित्र पर्वत श्रृङ्खलाको पृष्ठभूमिमा काष्ठमण्डप त्यसको माथि ब्वाय र गर्ल स्काउटको लोगो र नेपालीमा रू. ३००।– अंग्रेजीमा Rs. 300 रहनेछ।

| | |
|---|---|
| तौल | २५ ग्राम ± २ प्रतिशत |
| व्यास | ३६ मि.मि. ± ०.२ मि.मि. |
| शुद्धता | ९२५ चाँदी ± २ प्रतिशत |
| सिरेशन | साधा |

बढीमा टकमरी गर्ने १०,००० (दश हजार)

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

१०८



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।